श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति २०२५।६।८।१ को निर्णय अनुसार नेपाल अधिराज्यका विभिन्न अञ्चलहरूमा खटिएका दौडाहा टोलीका अध्यक्षहरूलाई दौडाहाका अवधिसम्म आपनो आपनो दौडाहाको कार्यक्षेत्र भित्र प्रहरी ऐन २०१२ को दफा १० को उप-दफा (१) बमोजिमको अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले अख्तियार सुम्पेको छ ।

आज्ञाले–
उपरथी क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

सार्वजनिक सुरक्षा ऐन, २०१८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ–

श्री ५ को सरकारको मिति २०२५।६।८।१ को निर्णय अनुसार नेपाल अधिराज्यका विभिन्न अञ्चलहरूमा खटिएका दौडाहा टोलीका अध्यक्षहरूलाई दौडाहाको अवधिसम्म आ-आपनो दौडाहाहरूको कार्यक्षेत्र भित्र सार्वजनिक सुरक्षा ऐन, २०१८ को दफा ३ को सबै अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले प्रदान गरेको छ ।

आज्ञाले–
उपरथी क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४४

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३१ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ–

श्री ५ को सरकारको मिति २०२५।६।८।१ को निर्णय अनुसार नेपाल अधिराज्यका विभिन्न अञ्चलहरूमा खटिएका दौडाहा टोलीका अध्यक्षहरूलाई दौडाहाको अवधिसम्म आफ्नो आफ्नो दौडाहाको कार्यक्षेत्र भित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ अन्तर्गतको मुद्दामा सोही ऐन अन्तर्गतको स्थायी रूपमा विशेष प्रहरी अधिकृतको अधिकार र कर्तव्य प्रयोग तथा पालन गर्ने गरी श्री ५ को सरकारले सुम्पेको छ।

आज्ञाले–
उपरथी क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०४६